२०८२ सालको कार्यविधि नं. ५

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः ५ मितिः२०८२।०८।०२

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**हेटौंडा उपमहानगरपालिका घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को छैठौं संशोधन कार्यविधि, २०८२**

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिका घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को संशोधन गर्न वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि संशोधन गरी जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस संशोधनको नाम "हेटौंडा उपमहानगरपालिका घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को छैठौं संशोधन कार्यविधि, २०८२" रहेको छ ।

२. **दफा ३ को उपदफा ४ मा संशोधनः** साविक दफा ३ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः

हेटौंडा राजपत्र

उपदफा (४) सात आर्थिक वर्षसम्म अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्र नवीकरण गरिनेछ । सात आर्थिक वर्ष पुरा भैसकेपछि उक्त इजाजतपत्र नवीकरण गरिने छैन र ती इजाजतपत्र स्वतः खारेज भएको मानिनेछ ।

**३. अनुसूची-२ मा संशोधनः** अनुसूची-२ को सि.नं. ङ पछि देहायको सि.नं.हरु थप गर्नेः

(च) चौथो वर्षमा नवीकरण गरेमा पहिलो वर्षमा लाग्ने दस्तुरमा थप रु.३०,०००।००

(छ) पाँचौ वर्षमा नवीकरण गरेमा पहिलो वर्षमा लाग्ने दस्तुरमा थप रु.४०,०००।००

(ज) छैठौ वर्षमा नवीकरण गरेमा पहिलो वर्षमा लाग्ने दस्तुरमा थप रु.५०,०००।००

(झ) सातौ वर्षमा नवीकरण गरेमा पहिलो वर्षमा लाग्ने दस्तुरमा थप रु.६०,०००।००

**आज्ञाले**
**भरत गौतम**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र